# प्रदेश राजपत्र

प्रदेश नं. ७, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड २) धनगढी, कैलाली, असार २६ गते, २०७५ साल (अतिरिक्ताङ्क ४(ग)


## भाग १

### प्रदेश सरकार

### आन्तरिक मामिला तथा कानून मन्त्रालय

**प्रदेश नं. ७ धनगढी, कैलाली**

नेपालको संविधानको धारा १७६ बमोजिमको प्रदेश नं. ७ को प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७५ सालको ऐन नं. ७

## प्रदेश नं. ७ प्रदेश आकस्मिक कोषको व्यवस्था गर्न बनेको ऐन, २०७५

प्रस्तावनाः भूकम्प, बाढी, पहिरो, आगलागी, महामारी जस्ता प्राकृतिक तथा गैरप्राकृतिक विपद् लगायतका आकस्मिक वा अप्रत्याशित कारणबाट सिर्जना भएको विशेष परिस्थितिमा प्रदेश सरकारले तत्काल आकस्मिक कार्यहरु सञ्चालन गर्न प्रदेश आकस्मिक कोष स्थापना र संचालनका लागि कानून तर्जुमा गर्न बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २१२ को उपधारा (१) बमोजिम प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "प्रदेश नं. ७ प्रदेश आकस्मिक कोष ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "आकस्मिक कार्य" भन्नाले भुकम्प, बाढी पहिरो, आगलागी, महामारी जस्ता प्राकृतिक तथा गैरप्राकृतिक विपद् लगायतका आकस्मिक वा अप्रत्याशित कारणबाट सिर्जना भएको विशेष परिस्थितिमा गरिने आकस्मिक कार्य सम्झनु पर्छ ।

(ख) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तरगत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ग) "प्रदेश" भन्नाले प्रदेश नं. ७ सम्झनु पर्दछ र सो शब्दले प्रदेश सभाबाट पछि नामाकरण हुने नाम समेतलाई जनाउनेछ ।

३. प्रदेश आकस्मिक कोषको स्थापना: प्रदेश आकस्मिक कोषको नामले एउटा कोष स्थापना गरिनेछ।

४. प्रदेश आकस्मिक कोषमा जम्मा गरिएको रकम: प्रदेश सञ्चित कोषबाट चालु आ.व. २०७४/७५ मा पचास लाख रुपैयाँ झिकी त्यस्तो रकम प्रदेश आकस्मिक कोषमा जम्मा गरिनेछ ।

५. प्रदेश आकस्मिक कोषको रकम वृद्धि गर्न सक्ने: प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशन गरी प्रदेश आकस्मिक कोषमा रहने रकममा आवश्यकता अनुसार वृद्धि गर्न सक्नेछ ।

६. प्रदेश आकस्मिक कोषको संचालन: प्रदेश आकस्मिक कोषको संचालन तोकिए बमोजिम हुनेछ ।

७. प्रदेश आकस्मिक कोषको रकम खर्च गर्न सक्ने: प्रदेश सरकारले प्रदेश आकस्मिक कोषमा रहेको रकमबाट आकस्मिक कार्यका लागि खर्च गर्न सक्नेछ ।

८. खर्चको रकम सोधभर्ना गर्नुपर्ने: प्रदेश सरकारले दफा ७ बमोजिम प्रदेश आकस्मिक कोषबाट खर्च गरेको रकम विनियोजन ऐन बमोजिम प्रत्येक आर्थिक वर्षको लागि विनियोजित रकमबाट सोधभर्ना गर्नु पर्नेछ ।

९. नियम बनाउने अधिकार: यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

प्रमाणीकरण मिति : २०७५/०३/२६

आज्ञाले,
भरत कुमार बुढाथोकी
प्रदेश सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू ५।-
गो.ह.द.नं. १६।२०६२।६३